नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय


# प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम

## कार्यक्रमको सङ्क्षिप्त परिचय

प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (आ.व. २०८१/८२ देखि आ.व. २०८५/८६ सम्म), नेपाल सरकार, मन्त्रिपषिद्को मिति २०८१/०८/१० गतेको निर्णयानुसार स्वीकृत भएको राष्ट्रिय महत्वको कार्यक्रम (National Flagship Program) हो । आ.व. २०७६/७७ देखि आ.व. २०८०/८१ सञ्चालन भएको प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको अनुभव र सिकाइलाई समेट्दै, नेपाल सरकारले सरोकारवाला र विकास साझेदारहरूसँग सहकार्य गरी सेवा प्रवाहलाई प्रभावकारी गराउन तथा सरकारका निकायहरुलाई नागरिकप्रति उत्तरदायी बनाउन साविकको कार्यक्रमलाई परिमार्जन सहित निरन्तरता दिएको हो । यो कार्यक्रम सङ्घीय शासन प्रणालीको सुदृढीकरण गर्ने अभिप्रायले देशैभरी सञ्चालित छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वयमा यस कार्यक्रमले सङ्घ, प्रदेश र स्थानीय तहको संस्थागत, संगठनात्मक तथा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गरी सुशासन, दिगो विकास तथा प्रभावकारी सेवाप्रवाहमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

### समयावधि :

आ.व. २०८१/८२ देखि २०८५/८६ सम्म, ५ वर्ष
(सन् २०२४–२०२९)




### विकास साझेदार

Norway
Foreign, Commonwealth & Development Office
Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra
Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडीसी
UNDP
प्राविधिक सहयोगका लागि

## परिवर्तनको अवधारणा

**यदि**

- सङ्घीय प्रणाली कार्यान्वयनका लागि अनुकूल वातावरणको सिर्जना गरिन्छ
- अन्तरसरकारी सम्बन्ध समन्वय, सहकार्य र सहअस्तित्वको भावना अनुसार सञ्चालन हुन्छ
- सङ्घीय प्रणाली कार्यान्वयनका लागि प्रदेश र स्थानीय शासनका प्रणाली तथा प्रक्रियाहरू सुदृढ गरिन्छ

**भने**

सबै नागरिकहरुको लागि गुणस्तरीय सार्वजनिक सेवा, दिगो स्थानीय पूर्वाधार र आर्थिक समृद्धि हासिल हुनेछ ।

## लक्ष्य

सक्षम, दिगो, समावेशी र जवाफदेही प्रदेश तथा स्थानीय शासन प्रणालीको स्थापना गर्ने

## अपेक्षित उपलब्धि

**१ सङ्घीय तह**

संविधान अनुरूप सङ्घीय शासन प्रणालीलाई टेवा पुग्ने गरी सबै तहका सरकारी निकाय र अन्तर सरकारी संयन्त्रहरू पूर्णरूपमा क्रियाशील भएका हुनेछन् ।

**२ प्रदेश तह**

प्रदेश सरकारहरू दक्ष, प्रभावकारी, समावेशी र जवाफदेही संस्थाका रूपमा स्थापित भई आफ्ना अधिकार र जिम्मेवारीहरू प्रभावकारी रूपमा वहन गर्न सक्षम हुनेछन् ।

**३ स्थानीय तह**

स्थानीय सरकारहरूले सबै नागरिकका लागि समावेशीरुपमा आधारभूत सेवा प्रवाह गरी सुशासन कायम गर्न सक्षम हुनेछन् ।

# संस्थागत संरचना

**सङ्घीय तहमा**

### राष्ट्रिय निर्देशक समिति
**अध्यक्षता :** माननीय मन्त्री
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

### सङ्घीय समन्वय समिति
**अध्यक्षता :** सचिव
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

### प्राविधिक सहायता समिति
**अध्यक्षता :** सहसचिव
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(राष्ट्रिय कार्यक्रम निर्देशक, प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम)

**प्रदेश तहमा**

### प्रदेश निर्देशक समिति
**अध्यक्षता :** माननीय मुख्यमन्त्री
प्रदेश सरकार


### प्रदेश प्राविधिक सहायता समिति
**अध्यक्षता :** सचिव
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(प्रदेश कार्यक्रम निर्देशक, प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम)

# विषय क्षेत्र

- नीतिगत तथा संस्थागत विकास, अन्तर सरकार सम्बन्ध एवं समन्वय
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण
- सार्वजनिक वित्त व्यवस्थापन
- क्षमता अभिवृद्धि
- विद्युतीय सुशासन तथा सेवा प्रवाह
- जवाफदेहिता तथा नागरिक सहभागिता


**नेपाल सरकार र विकास साझेदारहरूबीच भएको संयुक्त वित्तीय सम्झौता (Joint Financing Arrangement) अनुसार प्राप्त आर्थिक सहायताबाट यस कार्यक्रमको वित्तीय व्यवस्थापन भएको छ। सम्झौताबमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयमार्फत कार्यक्रम सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रदेशहरुले सशर्त अनुदानको रुपमा बजेट प्राप्त गर्छन्। कार्यक्रम दस्तावेजअनुसार कार्यक्रम समन्वय इकाइले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयहरू र मातहतका निकायहरूलाई प्रदेशको आवश्यकता र मागलाई आधार मानेर कार्यक्रम तयारीका लागि आवश्यक बजेट सीमा तथा मार्गदर्शन प्रदान गर्दछ। प्राप्त बजेट सीमाभित्र रही सङ्घीय तहमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा महालेखा नियन्त्रक कार्यालय र प्रदेश तहमा सातवटै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा मातहतका निकाय सहितको समग्र बजेट संरचना तयार गर्दा १० प्रतिशत सङ्घमा, ५० प्रतिशत प्रदेशमा र ४० प्रतिशत स्थानीय तहमा रहनेगरी गर्नुपर्ने व्यवस्था छ।**

**यसरी तयार गरिएको कार्यक्रम तथा बजेटअनुसार भएका खर्च नेपाल सरकारको स्रोतबाट व्यवस्थापन गर्ने र विकास साझेदारहरूबाट प्रत्येक ३ महिनामा खर्चको शोधभर्ना (Reimbursement) प्राप्त भई सङ्घीय सञ्चित कोषमा जम्मा हुने व्यवस्था रहेको छ। कार्यक्रममा नेपाल स्थित संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (UNDP) बाट प्राविधिक सहयोग उपलब्ध हुने प्रावधान रहेको छ।**




*अमेरिकी डलर

**सङ्घ, प्रदेश तथा स्थानीय तहमा बजेट बाँडफाँटको अनुपात**




**थप जानकारीका लागि**
प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम
https://plgsp.gov.np